२०६५ साल पुस १६ गते रोज ४ का दिन १६.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. भंसार (पहिलो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१०४-०६५।९।२ को प्रस्ताव - मन्त्रिपरिषद्, विधेयक समितिको सिफारिश समेतलाई दृष्टिगत गरी यसैसाथ संलग्न 'भंसार (पहिलो संशोधन) नियमावली, २०६५' स्वीकृत गर्ने ।

२. वेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको वार्षिक प्रतिवेदनका सिफारिशहरु कार्यान्वयन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१०६-०६५।९।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. कार्यालय स्थापना, अस्थायी दरवन्दी तथा कार्यक्रम सम्बन्धी नीति स्वीकृत गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।२३-०६५।९।१२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. कार्य सञ्चालन कोष खारेज गर्ने विषयको जलस्रोत मन्त्रालयको नं. ७।२९-०६५।९।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. महेन्द्रनगर, सन्धिखर्क र वेनीमा District Soldier Board स्थापना गर्ने विषयको परराष्ट्र मन्त्रालयको नं. ८।४१-०६५।९।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. विगतका आयोग/समितिको वाँकी कार्य सम्पन्न गर्ने समिति गठन आदेश, २०६५ स्वीकृत गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं. ९।३१-०६५।९।१६ को प्रस्ताव - प्रस्तावसाथ संलग्न विगतका आयोग/समितिको वाँकी कार्य सम्पन्न गर्ने समिति गठन आदेश, २०६५ को दफा १. को उपदफा (२) को सट्टा देहायबमोजिमको उपदफा (२) राख्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

   (२) उपदफा (१) बमोजिमको समिति झापा जिल्लामा तत्काल गठन हुनेछ र सो वाहेकका अन्य जिल्लाहरुका सम्बन्धमा पुनः अर्को बैठकमा छलफल गरी निर्णय गर्ने ।

७. चीनिया पत्रकार टोलीलाई आतिथ्य प्रदान गर्न आर्थिक सहायता उपलब्ध गराउने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।३९-०६५।९।८ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित "रु. ५ लाख (पाँच लाख)" भन्ने व्यहोराको सट्टा "दुई लाख रुपैयाँ" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयको भवन निर्माणका लागि रकम अनुदान दिने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।४१-०६५।९।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. पर्व सुधार राष्ट्रिय कार्यान्वयन समितिले दिएको प्रतिवेदन २०६६ साल चैत १ गतेदेखि लागू गर्ने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।३८-०६५।९।११ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. राष्ट्रिय प्रतिभा पुरस्कार कार्यविधि, २०६४ स्वीकृत गर्ने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।३७-०६५।९।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. पूर्व प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्यायले मिति २०६५।९।७ मा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (ग) बमोजिम मन्त्रिपरिषद्बाट संविधानसभाको सदस्य पदमा मनोनयन भएकोमा उक्त पद ग्रहण गर्ने इच्छा नभएको भनी दिनुभएको निवेदनको व्यहोरा संविधान सभामा जानकारी गराउने ।

१२. मन्त्रिपरिषद्को कार्यसम्पादनमा सहयोग पुऱ्याउन गठित देहायका समितिहरुको बैठक सामान्यत देहायबमोजिम बस्ने -

| समितिको नाम | बैठक बस्ने दिन |
|---|---|
| आर्थिक तथा पूर्वाधार समिति | आइतवार |
| विधेयक समिति | सोमवार |
| राजनैतिक समिति/राजनैतिक नियुक्ति सिफारिश समिति | मंगलवार |
| सामाजिक समिति | बिहीवार |
| प्रशासन समिति | शुक्रवार |

द्रष्टव्यः निर्णयसंग सम्वन्धित अन्य विवरण आवश्यक परेमा सम्वन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।